नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २१३ २०८१ साल चैत १२ गते मंगलबार (25 Mar. 2025 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : विश्व क्षयरोग दिवसमा ... ३ पृष्ठमा : सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा ... ३ पृष्ठमा : सन् २०३० सम्ममा क्षयरोग ...

## संविधानमा उल्लेखित अधिकारहरूको पूर्ण कार्यान्वयन हुन सकेको छैन् : मन्त्री लेखी



**दैनिक समाचारदाता**
**जनकपुर, ११ चैत ।**

मधेश प्रदेशका सरकारका प्रवक्ता एवं गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले तीन तहको सरकार गठन भए पनि संविधानमा उल्लेखित अधिकारहरूको पूर्ण कार्यान्वयन हुन नसकेको गुनासो गरेका छन्।

सोमबार जनकपुरधाममा मिडिया काउन्सिलद्वारा आयोजित पत्रकार आचारसंहिता पालना सम्बन्धी गोष्ठीमा मन्त्री लेखीले सो गुनासो गर्दै संविधानले प्रदान गरेको अधिकारहरू अझै प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको बताए।

उनले संविधानमा स्वायत्त प्रदेश, स्वायत्त क्षेत्र, र स्वायत्त इलाका निर्माणको व्यवस्था गरिएको भए पनि ती संरचनाहरू अहिलेसम्म गठन हुन नसक्नु चिन्ताको बिषय रहेको उल्लेख गर्दै यस्ता बिषयहरुमा राजनीतिक दल, सञ्चारकर्मी, अन्य सरोकारवालाहरूको ध्यान नजादा ब्यबस्था बिरोधिहरुको चलखेल बढ्दै गएको बताए।

मन्त्री लेखीले संविधानको प्रभावकारी कार्यान्वयनका लागि राजनीतिक दल र सञ्चारकर्मीहरू गम्भीर बन्नुपर्ने सुझाव समेत दिए।

मन्त्री लेखीले स्वायत्त संरचनाहरू निर्माण भएमा प्रदेशलाई थप अधिकार प्राप्त हुने, विकास कार्यहरू सहज रूपमा अघि बढ्ने र विशेष गरी दलित तथा उत्पीडित समुदायहरूले प्रत्यक्ष लाभ लिन सक्ने जिकिर गरे।

पत्रकार महासंघ धनुषा शाखाको समन्वय तथा मधेश प्रदेश मिडिया काउन्सिलको आयोजनामा संचालन भएको कार्यक्रममा सञ्चारकर्मीहरूले समाचार संकलनका क्रममा भोग्नुपरेका कठिनाइहरू बारे छलफल गरेका थिए।

## “रमजान दान अभियान” सुरु



**दैनिक समाचारदाता**
**राजविराज, ११ चैत ।**

मुस्लिम धर्मावलम्बीको महान पर्व रमजान मनाउन विपन्न समुदायलाई लक्षित गरी सप्तरीमा एक मुस्लिम संस्थाले “रमजान दान अभियान” सुरु गरेको छ।

मुस्लिम समाज सेवा नेपालले जिल्लाको खडक नगरपालिका ८ विसनपुरमा एकल महिला, असहाय, असक्त तथा अति विपन्न ३५ मुस्लिम परिवारलाई विभिन्न प्रकारका खाद्यान्न सामाग्रि बितरण गरेको छ।

अभियानको पहिलो दिन विपन्न वर्गका ३० महिला र ५ पुरुषलाई रमजान मनाउन खाद्यान्न बितरण गरिएको अध्यक्ष अनवर अलीले जानकारी दिए। प्रतिपरिवारलाई एक महिना पुग्ने गरी चामल, दाल, चना, सोयाबिन, खाने तेल, चिनी, सेवई, च्यूरा, मुरही, नुन लगायतको सामाग्रि बितरण गरिएको छ।

करिब एक महिना सम्म चल्ने रमजान पर्व मनाउन मुस्लिम समुदायका विपन्न परिवारलाई कठिनाई भइरहेको अवस्थालाई मध्यनजर गर्दै यस्तो अभियान चलाइएको अध्यक्ष अलीले भनाई छ।

विदेशमा रहेका नेपाली दाजुभाईको सहयोग तथा आफ्नो निजि खर्च समेत लगानी गरेर रमजानमा खाद्यान्न दान अभियान चलाइएको र यो अभियान जिल्लाका अन्य विपन्न बस्तीमा पनि क्रमिक रुपमा पुग्ने उनको विश्वास छ।

रमजानको समयमा खाद्यान्न अभावका कारण कुनै पनि मुस्लिम परिवारलाई समस्या नहोस् भन्ने उद्देश्यले

***बाँकी अन्तिम पृष्ठमा***

## एमाले गर्‍यो खबरदारी सभा



**दैनिक समाचारदाता**
**राजविराज, ११ चैत ।**

नेकपा एमाले सप्तरीले सोमबार राजविराजमा जनजागरण अभियान प्रदर्शन र सभामार्फत राजावादीहरुलाई खबरदारी गरेको छ।

राजावदीको गतिविधि बढ्दै गएको बेला एमालेले सप्तरीको १८ वटै पालिकाका प्रमुख बजारमा जनप्रदर्शन र सभा गरेको जनाएको छ।

प्रतिगामीहरु होसियार, संघीय लोकतन्त्र र गणतन्त्र जिन्दावाद, विर शहिद अमर रहुन् लगायतका नाराबाजी गर्दै जनप्रदर्शन गरिएको छ।

नगरपरिक्रमा पश्चात् स्थानीय जनआन्दोलन चौकमा आयोजित कोणसभामा जिल्ला इन्चार्ज एवं नेकपा एमालेका पोलिटब्यूरो सदस्य सुमनराज प्याकुरेल, प्रदेश कमिटि सदस्य रत्ना तामाङ, जिल्ला सचिव देवनाथ यादव, नगरअध्यक्ष रन्जन झा, अनेरास्ववियु केन्द्रीय कमिटि सदस्य ललितनारायण रजक, राष्ट्रिय यूवा संघ नेपालका जिल्ला इन्चार्ज चितरन्जन यादव, क्षेत्र नं. २ ख का इन्चार्ज बिनोद यादव लगायतले बोल्दै राजसंस्था कुनै पनि हालतमा नफर्किने दाबीका साथ त्यस्तो सपना नदेख्न राजावादीहरुलाई सचेत गराएका थिए।

## छोरालाई कुटपिट गर्नेलाई बुवाद्वारा कारवाहीको माग



**दैनिक समाचारदाता**
**राजविराज, ११ चैत ।**

सप्तरीको राजगढ गाउँपालिका ५ मलेकपुरका ४५ वर्षिय जालाधर राम

***बाँकी अन्तिम पृष्ठमा***

**ब्यक्तिगत स्वास्थ्यमा ध्यान दिऔं ।**

- नियमित स्वास्थ्य परीक्षण गराऔं,
- सन्तुलित, पोषणयुक्त आहार सेवन गरौं,
- नियमित शारीरिक परिश्रम गरौं,
- दैनिक रुपमा निद्रा पुग्नेगरी सुतौं,
- ध्यान, योग, व्यायामजस्ता गतिविधिमा संलग्न होऔं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### नियम कानूनलाई पालना गरौं

कतिपय नयाँ शहरहरु बनेर राम्रो सुधार गरेका उदाहरण रहेका छन् । स्थानीय व्यक्तिको सोच कै आधारमा शहरको विकास र पूर्वाधार तयार हुने गर्छन् । शहरको विकासमा ध्यान दिएमा पक्कै विकास हुन्छ । हामीले आज सोच्नु पर्ने बेला आएको छ ।

सप्तरीको राजविराज शहर हो । शहरको विकास क्रम निकै पछाडि परेको छ । शहर पुरानो भएपनि हालसम्म विकासको पूर्वाधारमा केही प्रगति भएको छ तर, त्यो पर्याप्त होइन् । सडक र बाटो घाटोमा अलि प्रगती भएको छ । बाँकी विकासको अवस्था सुस्त नै छन् । सडक र पेटी लथालिङ्ग अवस्थामा छन् । जथाभावी सडकमा हिड्ने गरेकाले पटक पटक दुर्घटना हुने गरेको देखिन्छ । व्यवस्थित नभएका कारण यस्ता समस्या आउने गर्छन् । आज कतिपय नगरपालिकाको आफ्नै नियम कानून रहेका छन् । नियम विपरित कार्य गरेमा तुरुन्त जरीवाना काटीने गरिन्छ । यस्ता जरिवानाका डरले सबै थोकमा सुधार भएको उदाहरण छन् ।

अहिले राजविराज नगरको विकासको लागि सबै क्षेत्रबाट कसरत हुनु राम्रो काम हो । यस्ता काममा सबै नगरबासीको सहयोग हुनुपर्छ । अनि मात्र शहरको सुन्दरता बढन् सक्छ यसतर्फ हामी लागौ । सुन्दर र सफा शहरमा परिणत गरौ । तसर्थ जारी भएको नियम कानूनलाई पालना गरौ ।

# विश्व क्षयरोग दिवसमा जनचेतनामूलक कार्यक्रम

काठमाडौँ, ११ चैत (रासस) ।

मार्च २४ तारिख हरेक बर्ष संसारभर विभिन्न कार्यक्रम आयोजना गरी अन्तरराष्ट्रिय क्षयरोग दिवस मनाइन्छ । क्षयरोग रोग विरुद्ध जनचेतना जगाउने, सरल र सहज रुपमा उपचारको प्रबन्ध गर्ने, गराउने उद्देश्यका साथ यो दिवस मनाउने गरिएको छ ।

दिवसको यस वर्षको नारा 'हो, हामी क्षयरोग अन्त्य गर्न सक्छौं । लगानीको प्रतिबद्धता र सेवा प्रवाहको सुनिश्चतता, आजको आवश्यकता' भन्ने तय गरिएको छ । यस दिवसले क्षयरोग महामारीको अन्त्यका लागि गरिएका प्रतिबद्धता, प्रयास, तथा उपलब्धीलाई सम्झिने अवसर समेत प्रदान गरेको छ ।

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले दिवसका अवसरमा विभिन्न जनचेतनामूलक कार्यक्रमको आयोजना गर्ने तयारी गरेको छ । उक्त रोगका कारण नेपालमा हजारौँ मानिस प्रभावित भइरहेका छन् । विश्वव्यापी रुपमा क्षयरोग अन्त्यका लागि गरिएका हाम्रो साझा तथा सामूहिक संकल्पमा केन्द्र कटिबद्ध रहेको जनाएको छ ।

केन्द्रका निर्देशक डा. श्रीराम तिवारीले जारी गर्नुभएको विज्ञप्तिमा क्षयरोग ( टीबी) विश्वभर लाखौँ मानिसलाई प्रभावित गर्ने सरुवा रोग भएको र नेपालमा यो जनस्वास्थ्य समस्याको रुपमा रहिआएको उल्लेख छ । सन् २०२३ मा विश्व स्वास्थ्य सङ्गठनका अनुसार नेपालमा अनुमानित ६८ हजार नयाँ क्षयरोग प्रभावित व्यक्तिहरू थिए, जसको दर प्रति एक लाख जनसङ्ख्यामा २२९ रहेको थियो । त्यसैगरी क्षयरोगका कारण १६ हजारको मृत्यु भएको अनुमान गरिएको छ । जसको मृत्युदर प्रति एक लाख जनसङ्ख्यामा ५४ थियो ।

सोही अवधिमा, राष्ट्रिय क्षयरोग कार्यक्रमले ४० हजार ७७६ जना क्षयरोग प्रभावित व्यक्ति उपचारका लागि दर्ता गरेको थियो । त्यसमा ३९ प्रतिशत महिला र ६१ प्रतिशत पुरुष थिए । पत्ता लागेका औषधि प्रतिरोधी क्षयरोग प्रभावित व्यक्ति ७५६ जना थिए । उपचारका लागि दर्ता भएका मध्ये ७२ प्रतिशत फोक्सोको क्षयरोग र २८ प्रतिशत फोक्सो बाहिर अन्य अङ्गमा लाग्ने क्षयरोगी थिए । त्यसैगरी उपचार सफलता दर ९२ प्रतिशत छ । उल्लेखनीय प्रगतिका बावजुद, नेपालले अझै पनि क्षयरोग अन्त्यका लागि धेरै चुनौतीको सामना गरिरहेको केन्द्रले जनाएको छ ।

अनुमानित क्षयरोग प्रभावित व्यक्ति र उपचारको दायरामा आएका क्षयरोग प्रभावित व्यक्तिको सङ्ख्यामा ठूलो अन्तर छ । करिब ४० प्रतिशत अनुमानित क्षयरोग प्रभावित व्यक्तिलाई उपचारको दायरामा ल्याउन सकिएको छैन । पर्याप्त स्रोतको अभाव 'राष्ट्रिय क्षयरोग कार्यक्रमको पञ्च वर्षीय क्षयरोग रणनीतिक योजना २०२१/२२ देखि २०२५/२६' का अनुसार पाँच वर्षको लागि क्षयरोग कार्यक्रमको बजेट एक सय ९२ मिलियन अमेरिकी डलर रहेकोमा एक सय १० मिलियन मात्र (अनुमानित) उपलब्ध छ । त्यो भनेको ४३ प्रतिशत बजेट अभाव हुनु हो ।

क्षयरोगको कारणबाट रोगीको परिवारमा अधिक आर्थिक व्ययभार परेको छ । राष्ट्रिय क्षयरोग बिरामी लगत सर्वेक्षण-२०२४ का अनुसार नेपालमा ५१ प्रतिशत क्षयरोग प्रभावित व्यक्ति तथा उनीहरूको परिवारलाई यस रोगको कारणबाट अधिक आर्थिक व्यय भार परेको छ ।

रोग अन्त्यका लागि सबै क्षेत्रको सहकार्य हुन नसक्दा थप प्रगति हासिल हुन नसकेको केन्द्रले स्पष्ट पारेको छ । रोगको अन्त्यका लागि स्वास्थ्य क्षेत्रसहित, स्वास्थ्य बाहेकका अन्य क्षेत्रहरू जस्तैः शिक्षा, श्रम तथा रोजगार, सामाजिक सुरक्षण लगायत अन्यको पनि महत्त्वपूर्ण योगदान रहनु आवश्यक छ । यसका साथै नीजि क्षेत्र र समुदायको संलग्नता पनि उत्तिकै महत्त्वपूर्ण छ ।

चुनौतीलाई समाधान गर्न केन्द्रले निरन्तर आफ्ना प्रयासलाई परिस्कृत गर्दै लगेको जनाएको छ । नेपालभर क्षयरोग उपचारका सेवा छ हजार २४१ स्वास्थ्य संस्था र निदानका सेवा ८०० स्वास्थ्य संस्थामा निःशुल्क उपलब्ध छन् ।

रोगको द्रूत परीक्षण सेवाको पहुँच ६७ जिल्लाका ११७ स्वास्थ्य संस्थामा पुगेको छ । यो परीक्षणबाट क्षयरोग प्रभावित व्यक्तिको औषधि प्रतिरोधको अवस्था थाहा पाउन सकिन्छ । औषधि प्रतिरोधी क्षयरोगका बिरामीको उपचार सेवा २९ वटा उपचार केन्द्र र ९८ उपचार उप- केन्द्रबाट प्रदान गरिँदै आएको केन्द्रले जनाएको छ । औषधि प्रतिरोधी बिरामीको लागि इन्जेक्सनरहित छोटो अवधिको, छ महिने उपचार 'रेजिमेन' उपलब्ध गराएको छ ।

मुलुकको सङ्घीय संरचनालाई ध्यानमा राखी नेपालले नवीनतम् प्रयासको रुपमा स्थानीय तहको नेतृत्व, उत्तरदायित्व र अपनत्व विकास गरी क्षयरोग अन्त्यका लागि भएका प्रयासलाई दिगो रुपमा गति दिनको लागि क्षयरोग मुक्त नेपाल अभियान १४९ स्थानीय तहमा विस्तार गरिएको छ । एआई जडित डिजिटल एक्सरे मेसिनद्वारा समुदायमा क्षयरोग बिरामीको सक्रिय खोजपड्ताल सुरुआत भएको छ ।

राष्ट्रिय क्षयरोग छैटौँ औषधि प्रतिरोध सर्वेक्षण र पहिलो क्षयरोग बिरामी लगत सर्वेक्षण जस्ता महत्त्वपूर्ण अध्ययनसम्पन्न भएको छ । प्रत्येक वर्ष क्षयरोग रोकथाम, निदान, र उपचारसम्बन्धी सीप अभिवृद्धि तालिम सञ्चालन गरिएको छ । यी प्रयास प्रभावकारी भएपनि, क्षयरोग अन्त्यका लक्ष्य प्राप्तिका लागि सुधार गर्न धेरै बाँकी रहेको केन्द्रले जनाएको छ ।

आगामी दिनमा क्षयरोग प्रभावित व्यक्तिको पहिचानमा वृद्धि गर्ने, आवश्यक स्रोत तथा साधन जुटाउन तथा परिचालनको लागि स्थानीयतहलाई नेतृत्वदायी भूमिका प्रदान, एकीकृत सेवा उपलब्ध गराउने लक्ष्य राखिएको छ । त्यसैगरी स्वास्थ्य प्रणालीलाई सुदृढ गरी गुणस्तरीय उपचार सेवा सुनिश्चित गर्नुका साथै निजी क्षेत्रको संलग्नतालाई सुदृढीकरण गर्ने र क्षयरोग प्रभावित व्यक्तिलाई सामाजिक सुरक्षण प्रदान गर्न आवश्यक समन्वय तथा सहकार्य बढाउन विशेष प्राथमिकता निर्धारण गरिएको छ ।

सन् २०३० सम्ममा क्षयरोग महामारीको अन्त्य र २०५० सम्ममा क्षयरोग मुक्त नेपाल हासिल गर्ने लक्ष्यतर्फ केन्द्र अग्रसर रहेको विज्ञप्तिमा उल्लेख छ । हरेकबर्ष विश्वमा ८० लाख नयाँ क्षयरोगी थपिन्छन भने २० लाखको क्षयरोगकै कारणले मृत्यू हुने गरेको डरलाग्दो तथ्याङ्क छ ।

तीन हप्ता वा सो भन्दा बढी समयदेखि लगातार खोकी लागेमा, खकारमा रगत देखिएमा, श्वास फेर्न गाह्रो भएमा वा छाती भारी भइरहेमा, अकास्मात धेरै तौल घटेमा यस रोग लागेको हुन सक्छ । त्यस्तै पसिना आउने धेरै भएर थकान बढी महसुस भएमा नजिकैको स्वास्थ चौकी गएर परीक्षण गर्नुपर्दछ । शारिरीक अवस्था कमजोर भई रोग प्रतिरोधात्मक क्षमता कम भएकामा यो रोगको संक्रमण हुन सक्छ । यो रोगसँग डराउनु नपर्ने र यसको निःशुल्क उपचारको प्रबन्ध गरिएको छ ।

रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका मान्छेमा, चुरोट रक्सी या लागुऔषध सेवन गर्नेमा र क्षयरोगको औषधिको पूर्ण मात्रा सेवन नगरेमा उक्त रोगको पुनः संक्रमण फेरि देखिन सक्ने भएकाले उपचारमा विशेष ध्यान दिनु आवश्यक हुने जनाइएको छ । औषधिको नियमित सेवनले क्षयरोग निको हुने चिकित्सकहरुको भनाइ छ ।

# वीरगञ्ज नाकाबाट एक खर्ब २२ अर्बको पेट्रोलियम पदार्थको आयात

पर्सा, ११ चैत (रासस) ।

चालु आर्थिक वर्षको आठ महिनामा वीरगञ्ज नाका भएर रु एक खर्ब २२ अर्ब २० करोड बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयात भएको हो ।

गत आवको आठ महिनाका तुलनामा चालु आवको सोही अवधिमा रु एक अर्ब ६७ करोड बढीको पेट्रोलियम पदार्थ आयात भएको हो । गत आवको आठ महिनामा रु एक खर्ब २० अर्ब ५३ करोडको पेट्रोलियम पदार्थ आयात भएको थियो । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चालु आवमा पेट्रोलियम पदार्थको आयात र राजस्व बढेको बताउनुभयो ।

"अहिले पूर्वाधार निर्माणको समय भएकाले पनि पेट्रोलियम पदार्थको आयात बढेको देखिन्छ", उहाँले भन्नुभयो । कार्यालयका अनुसार, चालु आवको आठ महिनामा सबै खालका पेट्रोलियम पदार्थको आयातबाट रु ५० अर्ब १३ करोड राजस्व सङ्कलन भएको छ । गत आवको सोही अवधिमा रु ४४ अर्ब ८० करोड राजस्व सङ्कलन भएको थियो ।

चालु आवको आठ महिनामा रु ६१ अर्ब ४५ करोड बराबरको छ लाख ८५ नौ सय ९१ किलोलिटर डिजेल आयातबाट रु २७ अर्ब ३१ करोड राजस्व सङ्कलन भएको प्रमुख भन्सार प्रशासक लामिछानेले बताउनुभयो । यस्तै, चालु आवको आठ महिनामा रु २५ अर्ब ३० करोड मूल्यको दुई लाख ९० हजार तीन सय ८२ किलोलिटर पेट्रोल आयात हुँदा रु १६ अर्ब ४८ करोड राजस्व सङ्कलन भएको छ ।

चालु आवको आठ महिनामा रु २४ अर्ब पाँच करोड मूल्य बराबरको २१ करोड ४२ हजार सात सय ८१ किलोग्राम एलपिजी ग्यास आयात भएको छ । यसबाट रु चार अर्ब ५० करोड राजस्व सङ्कलन भएको छ । गत आवको आठ महिनामा भने रु १९ अर्ब ५२ करोडको १८ करोड ६८ लाख १२ हजार एक सय २० किलोग्राम एलपिजी ग्यास आयात भएको थियो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा शासनमा बसेर खराब गर्नेलाई दण्डित गर्ने अधिकार छ : राष्ट्रपति

काठमाडौँ, ११ चैत (रासस)।

राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्र रैती दुनियाँबाट सार्वभौम नागरिक हुन नेपाली जनताले रगतसँग साटेको उपलब्धि भएको बताउनुभएको छ। शासनमा बसेर खराब गर्नेलाई दण्डित गर्ने अधिकार नागरिकलाई भएको उहाँले स्पष्ट पार्नुभयो।

सोलुखुम्बुको नेचासल्यान गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवन उद्घाटन समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा हरेक नागरिक आफ्नो सार्वभौमसत्ताको आफैं मालिक हुने व्यवस्था भएको बताउनुभएको उहाँको सचिवालयले जनाएको छ।

उहाँले भन्नुभयो, "शासन व्यवस्थालाई सुदृढ बनाउन र यही व्यवस्थाबाट नेपाली जनताको भाग्य एवं भविष्य सुनिश्चित छ भन्ने महसुस गराउनुपर्ने दायित्व सरकार, राजनीतिक दललगायत हामी सबैको हो।" उहाँले स्वतन्त्रता र शासन प्रणाली समयको माग र जनताको चाहना भएको बताउँदै नेपाली जनतालाई आफूले बनाएको संविधान बाहिरका कुनै पनि निरङ्कुशता र अराजकता स्वीकार्य नहुने बताउनुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "इतिहास साक्षी छ कि १०४ वर्षीय जहानीयाँ राणा शासन होस् कि ३० वर्षे पञ्चायत वा सक्रिय राजतन्त्र नेपाली जनताले कुनै पनि निरङ्कुशताका नाम र अवशेषलाई रुचाएनन्। सङ्घीय लोकतान्त्रिक गणतन्त्र हामीले त्यसै प्राप्त गरेका होइनौं। यो हजारौंको त्याग, सङ्घर्ष र बलिदानबाट प्राप्त उपलब्धि हो।"

राष्ट्रपति पौडेलले क्षेत्रमा सभामुख हुँदा पैदलयात्रा गर्दै यस ठाउँमा र पूर्वी पहाडका डाँडाकाँडा पुगेको र जनतासँग साक्षात्कार गरेको स्मरण गर्नुभयो। उहाँले भावविह्वल हुँदै नजिकै रहेको टिम्बुरबोटेको ओडारमा रुभ्दै र भिज्दै पुगेको बताउनुभयो। टिम्बुरबोटेको नाम उच्चारण गर्दा राष्ट्रपति पौडेलको गला अवरूद्ध भएको थियो। टिम्बुरबोटे नेपालको प्रजातान्त्रिक आन्दोलनका क्रममा २०४१ सालमा पञ्चायती सरकारले दर्जनभन्दा माथि योद्धाको हत्याको गरेको स्थान हो।

राष्ट्रपति पौडेलले देशको युवा जनशक्ति विदेश पलायन हुने प्रवृत्ति रोक्न जरुरी रहेको उल्लेख गर्दै यसका लागि उचित शिक्षा, स्वास्थ्यको प्रबन्ध, उद्योगधन्दाको विकास, उत्पादनमा वृद्धि, चुस्तदुरुस्त सेवा प्रवाह, गाउँमै रोजगारी र आम्दानीको व्यवस्थाको लागि जनता केन्द्रित नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्नुपर्ने बताउनुभयो। उहाँले विगतमा भएका कमजोरीबाट पाठ सिकेर अघि बढ्दै समृद्ध राष्ट्र निर्माणको अभियानमा जुट्न सम्बद्ध सबैलाई आग्रह गर्नुभयो।

राष्ट्रपति पौडेलले सङ्घीयता कार्यान्वयनका लागि तीन तहको सरकार मुलुकमा क्रियाशील भएको भन्दै जनताको ठूलो सङ्घर्ष, त्याग र बलिदानले हामीले प्राप्त गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रले सिंहदरबारको अधिकार गाउँगाउँमा पुऱ्याएको बताउनुभयो। उहाँले भन्नुभयो, "यसलाई सार्थक बनाउन संविधानको मर्म र भावनाअनुसार जनताको आवश्यकतामा जिम्मेवार ढङ्गले काम गर्न स्थानीय सरकार अझ बढी क्रियाशील हुनुपर्छ भन्ने म ठान्दछु।"

उहाँले कृषि, जलस्रोत पर्यटन, पूर्वाधार र उद्योगधन्दाको विस्तार नै मुलुक विकासको आधार भएको बताउँदै यही भूगोलको सोलु र दूधकोशी नदी क्षेत्रमा निर्माणाधीन साना ठूला जलविद्युत् आयोजनाबाट मुलुकको आर्थिक विकासमा योगदान पुग्नेमा आफू विश्वस्त भएको बताउनुभयो। उहाँले भन्नुभयो, "हिमाल आरोहण, पदयात्रासहित साहसिक गतिविधिमार्फत सगरमाथा क्षेत्रले मुलुकको पर्यटनको विकास र विस्तार एवं अन्ततः राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदान महत्वपूर्ण छ।"

राष्ट्रपति पौडेलले राजधानी र मधेसबाट सर्वोच्च शिखर सगरमाथाको काख अब धेरै टाढा नभएको देख्दा आफू अत्यन्तै खुसी भएको भन्दै अपर सगरमाथा मार्ग निर्माणका लागि भएका पहल र आफूले गरेको सङ्घर्षको स्मरण गर्नुभयो।

राष्ट्रपति पौडेलले सगरमाथाको काख मात्र नभई डोल्पाको दुर्नेदेखि पूर्वी पहाडमा समेत सडक पुगेको बताउनुभयो। उहाँले भन्नुभयो, "नुन, तेल लिन भारी बोकेर कैयौं दिन हिँड्नुपर्ने हिजोको परिस्थितिबाट टाउकोको भारी बिसाउने अवस्था बहुदलीय लोकतन्त्रले ल्याएको हो। लोकतन्त्रले यो परिवर्तनलाई हामीले भुल्न हुँदैन।"

# देशभरका कृषिउपजको स्वाद चखाउन अब 'भोजनलिपि-स्वाद'

काठमाडौँ, ११ चैत (रासस)।


नेपाली खाना प्रवर्द्धन अभियानले देशका विभिन्न क्षेत्रमा उत्पादित ताजा कृषिउपजको स्वाद चाख्न पाइने गरी व्यवस्थापन गर्न लागेको छ।

अभियानले किसान र होटल व्यवसायीसँगको समन्वयमा सो अवसर दिन लागेको हो। किसानसँग प्रत्यक्ष सम्पर्क गरी उनीहरूका उत्पादनलाई देशका प्रमुख सहरमा स्वादिष्ट परिकार बनाएर पस्कने अभियानको तयारी रहेको अभियानका संयोजक अमृत सापकोटाले बताउनुभयो। उहाँले खाद्यान्न, फलफूल, दूध, माछा-मासु जस्ता किसानका उत्पादनको बजारीकरणमा अभियानले समन्वय गर्ने र होटल-रेष्टुराँ वा घरमै लगेर खान पाउने गरी संयोजन गर्न लागिएको बताउनुभयो।

यसै सन्दर्भमा सोमबार काठमाडौँमा आयोजित 'भोजनलिपि-स्वाद' कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारी, कृषि, पर्यटन, सञ्चारलगायत क्षेत्रका अगुवाले खानाको स्वाद लिएर अभियान सुरु गरेका छन्। विभिन्न परिकारको स्वाद लिएपछि मन्त्री अधिकारीले नेपाली उत्पादनको बजारीकरणमा सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। "नेपाली रैथाने खानाको स्वाद अत्यन्तै राम्रो छ। काठमाडौँमा मात्रै होइन देशका ठूला सहरसम्म यो अभियान फैलाउने कुरा सुन्दा खुसी लागेको छ। नेपाल सरकार, कृषि मन्त्रालयको तर्फबाट यसको स्थायित्व र प्रवर्द्धनका लागि पूर्ण साथ र सहयोग रहन्छ", उहाँले भन्नुभयो।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका पूर्वसभापति विष्णु निष्ठुरीलगायतले राजधानीमै रहेर देशभरका कृषिउपज स्वादिष्ट परिकारका रूपमा खान पाउनु निकै सराहनीय भएको बताउनुभयो।

अभियानका संयोजक सापकोटाले सुरुमा खाद्यान्न, फलफूल जस्ता मौसमी उत्पादनको बजारीकरण र विस्तारै पर्यटकीय गन्तव्य, हस्तकला तथा साना उद्यमीहरूका उत्पादनको बजारीकरणमा समन्वय गरिने जानकारी दिनुभयो। कृषि उत्पादन र बजारीकरणमा साथ दिएर किसान र माटोप्रति माया जगाउन आफू पनि अभियानमा लागेको सञ्चारकर्मी एवं कृषि-पर्यटन अभियन्ता देवीप्रसाद सापकोटाले बताउनुभयो। स्वदेशी उत्पादन बढाउने र प्रयोग गर्ने सरकारी कार्यक्रमलाई नागरिकस्तरबाट सहयोग गर्न आफू केही वर्षदेखि लागिरहेको उहाँको भनाइ छ।

राजविराज नगरपालिका

७ नं. वडा कार्यालय

राजविराज, सप्तरी, मधेश प्रदेश

पत्र संख्या:-२०८१/२०८२

च.नं. ६८२

मिति:-.२०८१/१०/१०

विषय:- सुचना

वडा कार्यालय रा.वि.न.पा.बाट जारी भएको सुचना

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी रा.वि.न.पा. वडा नं. ७ अन्तर्गत चालु आ.व.०८१/०८२ वडा स्तरीय तथा कार्यक्रमहरु संचालन गर्नु पर्ने भएको हुदा उक्त कार्यक्रम सामाजिक विकास तर्फ नगर सभाबाट पारीत बालबालिका महिला, जेष्ठ नागरिक , अपाङ्ग तथा सामाजिक विकासको क्षेत्रमा कार्यरत संघ । संस्था । सहकारीहरूले १५ दिन भित्र आ-आफ्नो प्रयोजना प्रस्तावना सहितको निवेदन सूचिकृत पत्र नविकरणको प्रमाण पत्र संस्थाको बायोडाटा समेत संलग्न राखी यस वडा कार्यलयमा बुझाउन हुन नर्पाचल बमोजिमको आ.व. २०८१/०८२ सम्मको नविकरण मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्रतिलिपी आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्र प्रतिलिपी विधानको प्रतिलिपी समेत बुझी पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

कार्यक्रमहरु

| सि.न. | योजना तथा कार्यक्रमहरु | समानीकरण रकम | कैफियत |
|---|---|---|---|
| १ | विपत व्यवस्थापन । | २,००,०००/- | |
| २ | खेलकुद सामग्री स्कूलहरुलाई वितरण । | १,००,०००/- | |
| ३ | क्षमता विकास । | ४,००,०००/- | |
| ४ | सिपमूलक तालिम । | ४,००,०००/- | |
| ५ | प्रदिप गुप्ता को घर देखी विजय सोनार को घर सम्म स्लाब सहितको नाला निर्माण कार्य । | ५,००,०००/- | |
| ६ | अफीस विद्युतिय उपकरण खरिद ( ल्यापटप , प्रिन्टर, फर्निचर) । | ३,००,०००/- | |
| ७ | महेश साह को घर देखी उत्तर सिताराम यादव को घर देखी पश्चिम नरसिंह लाल कर्ण को घर सम्म नाला निर्माण कार्य । | ८,००,०००/- | |
| ८ | भवर यादव को घर देखी दक्षिण मुल बाटो सम्म माटो तथा ग्राभल । | २,००,०००/- | |
| ९ | गरिब तथा विपन्न नागरीक लाई पानि खाने ट्युबेल वितरण तथा कृषि औजार वितरण | ३,००,०००/- | |
| १० | मदिना शु स्टोरको पछाडी सडक ढलान | २,००,०००/- | |
| ११ | चन्द्र नारायण साह सोनार को घर देखि सिरहा रोड सम्म नाला मर्मत | २,००,०००/- | |
| १२ | कृष्णा यादव को घर देखि धर्म लाल यादव को घर हुदै दक्षिण ललिता यादव को घर सम्म नाला तथा आर.सि.सि. ढलान | ५,००,०००/- | |
| १३ | पञ्जीकरण सम्बन्धी वडा भेला ,घटना दर्ता सप्ताह, माईकिङ.ग, पोष्टर पम्पलेट सम्बन्धी कार्य क्रम | १,००,०००/- | |
| १४ | बयुरी शिव भवन निर्माण । | २६,००,००० /- | |
| १५ | ललिता दवी कर्ण को घर देखी उत्तर विजय मिश्रा को घर सम्म नाला तथा सडक निर्माण | ५,००,०००/- | |
| १६ | बिजुली बत्ती तथा मर्मत संभार । | ५,२०,००० /- | |
| १७ | विविध । | ११,००,००० /- | |

सुभाष चन्द्र यादव
वडा अध्यक्ष


# विश्व समाचार

## सन् २०३० सम्ममा क्षयरोग अन्त्य गर्न विश्व स्वास्थ्य संगठनको आह्वान

मनिला, ११ चैत (रासस/सिन्ह्वा)।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले सोमबार सदस्य देशहरूलाई सन् २०३० सम्ममा क्षयरोग (टीबी) अन्त्यका लागि तत्काल निर्णायक कदम" चाल्न आह्वान गरेको छ। डब्ल्यूएचओले विश्व टीबी दिवसको अवसरमा प्रकाशित प्रेस विज्ञप्ती मार्फत यस्तो आह्वाहान गरेको हो।

विज्ञप्तीका अनुसार सन् २०२३ मा क्षयरोगका कारण अनुमानित १.९ मिलियन नयाँ घटनाहरू दर्ता भएकोमा ९५ हजार जनाको मृत्यु भएको तथा परिवार र समुदायमा यस रोगको प्रभाव बढ्दै गएको बताएको छ।

पश्चिमी प्रशान्त क्षेत्रका लागि डब्ल्यूएचओको क्षेत्रीय निर्देशक साइया माउ प्युकलाले जटिल क्षयरोगले जीवन बचाउने अवसर गुमाउँने बताउनु भएको छ। "जोखिममा रहेका व्यक्तिले समयमै, रोगको निदान सुनिश्चित गर्दै आफ्ना प्रतिबद्धतालाई निर्णायक कार्यमा परिणत गर्नुपर्ने बताउनु भएको छ।

डब्लुएचओका अनुसार, टीबी ब्याक्टेरियाद्वारा हुने एउटा सङ्क्रामक रोग हो जसले फोक्सोमा असर गर्छ। टीबी भएका मानिसहरूले खोक्दा ,हाच्छिउ गर्दा वा थुक्दा हावामा यसका फैलिन्छ अन्य मानिसहरुलाई सर्छ। यसलाई विशिष्ट एन्टिबायोटिकले निको पार्न सकिने भएता पनि अझै पनि सङ्क्रमणबाट धेरै मानिसहरूले ज्यान गुमाइए रहेका छन्।

## अमेरिकाबाट निष्कासनपछि १९९ आप्रवासी भेनेजुएलामा पुगे

मैक्वेटिया, भेनेजुएला, ११ चैत (रासस/एएफपी)।

संयुक्त राज्य अमेरिकाबाट निष्काशित १९९ आप्रवासी बोकेको विमान सोमबार बिहान भेनेजुएला आइपुगेको गृहमन्त्री डिओसडाडो काबेलोले बताउनुभएको छ। "आज, हामी १९९ जना स्वदेशीहरूलाई स्वागत गर्दैछौं", उहाँले विमानस्थलमा बताउनुभयो, "हामी भेनेजुएलाका मानिसहरू जहाँ भए पनि स्वागत गर्न तयार छौं।"

प्रत्यक्ष फुटेजमा 'स्वेटसूट' लगाएका युवाहरू राजधानी काराकास बाहिर अवतरण गरेको विमानबाट ओर्लिरहेको देखाइएको छ। तिनीहरूमध्ये केही मुस्कुराइरहेका र ताली बजाइरहेका थिए। शनिबार भेनेजुएलाले संयुक्त राज्य अमेरिकाबाट स्वदेश फिर्ती उडानहरू पुनः सुरु गर्न वाशिङ्गटनसँग सम्झौता गरेको घोषणा गरेपछि यो उडान आएको हो।

## बिरालो मार्ने व्यक्ति विरूद्ध पक्राउ पुर्जी जारी

ढाका, ११ चैत (रासस/सिन्ह्वा)।

बङ्गलादेशको राजधानी ढाकाको एक अदालतले बिरालोको मृत्युको विषयमा दायर गरिएको मुद्दामा एक पुरुष विरुद्ध पक्राउ पुर्जी जारी गरेको छ। फेब्रुअरी १ मा बिरालो मारेको आरोपमा पक्राउ पुर्जी जारी गरेका अकबर हुसेन शिब्लु विरुद्ध लगाइएका आरोपहरूको सुनुवाइ गर्दै ढाका महानगरीय मजिस्ट्रेट जीएम फरहान इश्तियाकले आइतबार यो आदेश दिनुभयो।

फेब्रुअरी ५ मा, बङ्गलादेशको पिपुल फर एनिमल वेलफेयर फाउन्डेसनको तर्फबाट नफिसा नौरिन चौधरीले मुद्दा दायर गर्नुभयो। मुद्दाको बयानमा नफिसाले बिरालो फेब्रुअरी १ मा हराएको बताउनुभयो। यसपछि सीसीटीभी फुटेजमा शिब्लुले बिरालोलाई लात हानेर मारेको देखिन्छ।

## रोहिङ्ग्या शरणार्थीका लागि करिब एक अर्ब डलर माग

जेनेभा, ११ चैत (रासस/एएफपी)।

संयुक्त राष्ट्रसङ्घले बङ्गलादेशमा रहेका करिब १५ लाख रोहिङ्ग्या शरणार्थी र उनीहरूका लागि जीवनरक्षक सहायता उपलब्ध गराउन संयुक्त राष्ट्रसङ्घ र साझेदारले करिब एक अर्ब अमेरिकी डलर सहयोग माग गरिरहेको जनाएको छ। संयुक्त राष्ट्रसङ्घले र १०० भन्दा बढी साझेदारले रोहिङ्ग्या सङ्कटका लागि सन् २०२५-२६ को संयुक्त प्रतिकार्य योजना सुरु गर्न लागेको जनाएको छ। उक्त अपिलमा रोहिङ्ग्या शरणार्थी र 'होस्ट' समुदायसहित करिब १४ लाख ८० हजार मानिससम्म पुग्न पहिलो वर्ष ९३ करोड ४५ लाख अमेरिकी डलर माग गरिएको छ।

सन् २०१७ मा छिमेकी मुलुक म्यानमारमा भएको सैन्य कारबाहीबाट भागेर आएका बङ्गलादेशका करिब १० लाख मुस्लिम र अधिकांश मुस्लिम अल्पसङ्ख्यक शरणार्थी राहत शिविरमा बस्दै आएका छन्। "आठौं वर्षमा पनि रोहिङ्ग्या मानवीय सङ्कट अन्तर्राष्ट्रिय चर्चाबाट धेरै हदसम्म बाहिर छ, तर आवश्यक छ," सोमबारको विज्ञप्तिमा भनिएको छ। खाद्य सहायता, खाना पकाउने इन्धन वा आधारभूत आवासमा कटौती लगायतका महत्वपूर्ण क्षेत्रमा कुनै पनि कोषको कमीले यस अति जोखिममा रहेको जनसंख्याका लागि गम्भीर परिणाम निम्त्याउने छ।

यसले धेरैलाई सुरक्षाको खोजीमा खतरनाक डुङ्गा यात्रा गर्नेजस्ता हताश उपायहरू अपनाउन बाध्य पार्न सक्छ। संयुक्त राष्ट्रसङ्घले शिविरमा रहेका शरणार्थी जनसङ्ख्यामध्ये आधाभन्दा बढी महिला र किशोरी रहेको र उनीहरु लैङ्गिक हिंसा र शोषणको उच्च जोखिममा रहेको जनाएको छ। एक तिहाइ शरणार्थी १० देखि २४ वर्ष उमेर समूहका रहेको उल्लेख गर्दै प्रतिवेदनमा भनिएको छ, "औपचारिक शिक्षामा पहुँच, पर्याप्त सीप विकास र आत्मनिर्भरताका अवसरबिना उनीहरूको भविष्य धरापमा परेको छ।"

'म्यानमाको रखाइन राज्यमा स्थिति शान्तिपूर्ण र सुरक्षित र स्वेच्छिक रूपमा फर्कन अनुकूल नभएसम्म अन्तर्राष्ट्रिय समुदायले शिविरमा रहेका शरणार्थीहरूलाई जीवनरक्षाका लागि आर्थिक सहयोग जारी राख्नुपर्छ," विज्ञप्तिमा भनिएको छ।

# बालवालिकालाई कुलतवाट जोगाउन विभिन्न सचेतनामूलक कार्यक्रम आवश्यक



**दैनिक समाचारदाता**
**राजविराज, ११ चैत ।**

बालवालिकालाई कुलतवाट जोगाउन विभिन्न सचेतनामूलक कार्यक्रमहरु गरेर अगाडी बढ्नु पर्नेमा जोड दिइएको छ ।

सोमवार राजबिराजमा आयोजित राजबिराज नगरस्तरिय बालभेला तथा अन्तरक्रिया कार्यक्रमका सहभागिहरुले सो कुरामा जोड दिएका हुन् । सहभागिहरुले कुलतमा लागेको बालवालिकालाई बाल क्लवहरूले विधालयमा सचेतनामूलक कार्यक्रम गर्नु पर्ने सुझाव समेत दिए ।

भेलामा नगरस्तरिय बाल संजालका अध्यक्ष विशाल यादवले बालवालिकाको हकअधिकार सँगै उनीहरुलाई बाल श्रमवाट मुक्त गर्न विकास, संरक्षण सहभागिताको ग्यारेन्टी हुनुपर्ने बताए ।

बालवालिकाहरूको भेलामा वडाहरूमा बाल क्लव गठन/पुर्नगठन गर्ने, बालविवाह न्युनिकरण गर्न जनचेतनामूलक कार्यक्रम गर्ने, बाल श्रम न्युनिकरण गर्ने, विधालयहरूमा बालमैत्री शौचालय निर्माण गर्न, योजना छनोटमा बालवालिकाको सहभागिता जस्ता समस्याहरूलाई सक्रियतापुर्वक बालअधिकार सवालमा बाल क्लवहरूले पैरवी र बकालत गर्ने उनले बताए ।

अन्तराष्ट्रिय बालअधिकार महासन्धीले पारित गरेको अधिकार अनुसार बालवालिकाको बचाउ, बाल संरक्षण, बालबिकास तथा बाल सहभागिता सम्बन्धमा बृहतरूपमा प्रशिक्षण दिएको सबल नेपालका कार्यक्रम संयोजक निरबहादर आले बताए ।

उक्त भेलामा राजबिराज नगरपालिका अन्तर्गतका १६ वटै वडावाट ४५ जना बालवालिकाको सहभागिता रहेको महिला बालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख तथा शाखा अधिकृत अनिता चौधरीले जानकारी दिईन ।

उक्त नगरस्तरिय बाल भेला तथा अन्तरक्रिया कार्यक्रममा राजबिराज नगरपालिका निमित प्रमुख प्रशासकिय अधिकृत निरन्जन यादब, कार्यपालिका सदस्य मन्जु खडका, रेखा मण्डल, सोनी रजक, सामाजिक बिकास अधिकृत अनिता चौधरी, पत्रकार चन्दनकुमार यादव लगायतले मन्तब्य राखेका थिए ।

राजबिराज नगरपालिका महिला बालवालिका जेष्ठ नागरिक शाखाको आर्थिक सहयोग र नगरस्तरिय बाल संजालको आयोजनामा तथा सेभ द चिल्ड्रेन, स्वेडेन सेवरेग, सबल नेपाल, जिल्ला बाल क्लव संजालको सहयोग र सहकार्यमा बाल भेलाको आयोजना गरिएको थियो ।

# 'ह्वाट्सएप' ग्रुप बनाएर चिट चोराएको पुष्टि, परीक्षा गार्ड निष्कासन

सुनसरी, ११ चैत (रासस) ।

माध्यमिक शिक्षा परीक्षा (एसइई) मा चिट चोराउन मोबाइलको प्रयोग भएको पाइएको छ । यस वर्षको एसइई परीक्षामा चिट चोराउन मोबाइलमार्फत 'ह्वाट्सएप' प्रयोग भएको पुष्टि भएको हो ।

सुनसरी सदरमुकाम इनरूवा-९ स्थित सरस्वती मावि परीक्षा केन्द्रमा गणित विषयको एसइई परीक्षा चलिरहँदा 'ह्वाट्सएप' मार्फत चिट चोर्न सहयोग गर्ने गार्ड रङ्गेहात पक्राउ परेका छन् ।

परीक्षा केन्द्रबाट 'ह्वाट्सएप' को प्रयोग गरी चिट चोराउने कार्यमा संलग्न दुई जना गार्डलाई पक्राउ गरिएको सुनसरीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले जानकारी दिनुभयो । परीक्षा केन्द्र अनुगमनमा पुगेको प्रजिअसहितको टोलीलाई देखेर परीक्षा गार्ड(शिक्षक)ले मोबाइल अफ गरेका थिए ।

उनीहरूको मोबाइल जाँच गर्दा परीक्षा केन्द्रमा खटाइएका प्रावि शिक्षकको साथमा रहेको मोबाइलबाट चिट चोर्न र चोराउन ह्वाट्सएप मार्फत च्याट गरिएको भेटिएको थियो ।

ह्वाटसएपमा कुराकानी गर्दै विद्यार्थीको नाम, सिम्बल नम्बर र बोर्डिङ स्कुलको नामसहित विद्यार्थी सङ्ख्या के कति भन्नेबारे च्याट गरिएको पाइएको सुनसरीका प्रमुख जिल्ला अधिकारी मिश्रले बताउनुभयो । पक्राउ परेका शिक्षक श्रवणकुमार चौधरी र रमानन्द मेहतालाई परीक्षा गार्डबाट निष्कासन गरेको उहाँले बताउनुभयो ।

त्यसैगरी अनुगमनका क्रममा इनरूवा-१ स्थित भगवती मावि परीक्षा केन्द्रबाट तीन जना निरीक्षकलाई नियन्त्रणमा लिएको प्रजिअ मिश्रले बताउनुभयो । भगवती मावि परीक्षा केन्द्रबाट इनरूवा-५ का मुकेन्द्र यादव, रमानन्द यादव र दिनेशप्रसाद यादवलाई नियन्त्रणमा लिइएको सुनसरीका प्रहरी उपरीक्षक सुमन तिम्सिनाले जानकारी दिनुभयो ।

पक्राउ परेका माथि थप अनुसन्धान भइरहेको प्रउ तिम्सिनाले बताउनुभयो । यसैबीच परीक्षा केन्द्रमा मोबाइल प्रवेशको विषयलाई लिएर सुनसरी प्रशासनले चेकजाँचमा कडाइ गर्न निर्देशन दिएको छ । सुनसरीको दुहवीबाट अघिल्लो दिन प्रजिअले विद्यार्थीबाट जनही रू १० हजार रकम लिने दुई गार्डलाई निष्कासन गरिएको थियो ।

परीक्षा मर्यादित बनाउँदै चिट चोर्ने र चोराउने प्रवृत्तिलाई निरूत्साहित गर्नेगरी परीक्षा केन्द्र लक्षित अनुगमन टोली परिचालन गरिएको सुनसरीका प्रजिअ मिश्रले बताउनुभयो । निरीक्षकले 'ह्वाट्सएप ग्रुप' बनाएर भित्रको प्रश्नपत्र बाहिर पठाएर बाहिरबाट सबै प्रश्नको उत्तर लेखर पठाउने र विद्यार्थीलाई सिकाउने गरेको पाइएको हो । यसअघि गत बिहीबार मात्रै सुनसरीकै दुहवीको सरस्वती माध्यमिक विद्यालय र गढीको सरस्वती माध्यमिक विद्यालयबाट दुई/दुई जना निरीक्षकलाई निष्कासन गरिएको थियो ।

सुनसरीका प्रजिअ मिश्र नेतृत्व टोलीले अनधिकृत गतिविधि गरेको र विषय शिक्षक राखेको भेटिएपछि निष्कासन गरिएको थियो । दुवै परीक्षा केन्द्रका केन्द्राध्यक्षलाई आगामी दिनमा त्रुटि नगर्न सचेत समेत गरिएको उहाँले बताउनुभयो । परीक्षालाई व्यवस्थित, मर्यादित, शान्त र भयरहित बनाउन सबै परीक्षा केन्द्रका केन्द्राध्यक्षलाई आवश्यक सकुर्लर गरिएको उहाँले बताउनुभयो ।

### "रमजान दान ...

यो अभियान चलाइएको अध्यक्ष अलीको भनाई छ ।

सो अवसरमा अभियानका सहयोगि मो. लुकमान, तबरेज आलम, संजय साह, अफरोज आलम लगायतलाई आयोजक संस्थाको तर्फबाट नेपाली टोपी र खादा लगाएर सम्मान गरिएको थियो ।

# एक महिनामा अपराधका चार हजार मुद्दा दर्ता

काठमाडौँ, ११ चैत (रासस) ।

फागुनमा देशभर चार हजार चार सय ६८ आपराधिक घटनाका मुद्दा दर्ता भएका छन् । फागुनमा दर्ता भएका आपराधिक घटनाका मुद्दामध्ये सबैभन्दा बढी बैंकिङ कसुरका एक हजार एक सय २७ (२५.२२ प्रतिशत) रहेका छन् ।

काठमाडौँ उपत्यकामा अपराधका घटना बढी घट्नुका साथै सबैभन्दा बढी बैंकिङ कसुरका मुद्दा दर्ता भएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार बैंकिङ कसुरमा पनि चेक बाउन्सका मुद्दा धेरै छन् । पछिल्लो समयमा प्रविधिको विकाससँगै सामाजिक सञ्जालको दुरुपयोगबाट हुने अपराधका घटना बढ्दै गएको उहाँले बताउनुभयो ।

बैंकिङ कसुरमा एक हजार एक सय २७ मुद्दा दर्ता भएका छन् । त्यसैगरी सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकताविरुद्धका पाँच सय २१ अपराधका मुद्दा दर्ता भएका छन् । आत्महत्यासम्बन्धी अपराधका पाँच सय एक, लागुऔषधसम्बन्धी चार सय १९, चोरीका दुई सय ८६, जबर्जस्ती करणीका एक सय ६८, ठगीसम्बन्धी एक सय ६२, सवारी ज्यान मुद्दा एक सय ५४, ज्यान मार्ने उद्योगमा ७१ तथा कर्तव्य ज्यानसम्बन्धी ४२ मुद्दा प्रहरीमा दर्ता भएका छन् ।

काठमाडौँ उपत्यकामा एक हजार तीन सय ३७ मुद्दा दर्ता भएका प्रवक्ता आचार्यले बताउनुभयो । मधेस प्रदेशमा सात सय १५, कोशी प्रदेशमा ६ सय ६५, लुम्बिनी प्रदेशमा ६ सय १२, बागमतीमा तीन सय ७६, सुदुरपश्चिममा दुई सय ७९, गण्डकी प्रदेशमा तीन सय २३ तथा कर्णाली प्रदेशमा एक सय ६१ आपराधिक घटनाका मुद्दा प्रहरीमा दर्ता भएका प्रहरीले जनाएको छ ।

### छोरालाई कुटपिट...

छिमेकीद्वारा निर्घात कुटिएका छन् ।

मादक पदार्थ सेवन गरी गाली गलौज गरेको भन्दै उनी कुटिएका हुन् । कुटाइबाट टाउकोमा गम्भिर चोट लागि १० वटा टाका लगाइएका उनको स्थानीय छिन्नमस्ता अस्पतालमा उपचार भइरहेको छ ।

उनको अवस्था बिग्रिदै गएपछी चिकित्सकले बाहिर लगेर उपचार गराउन सल्लाह दिएको बुवा महेन्द्र रामले बताए ।

घाइतेका बुबा महेन्द्रका अनुसार तीन दिन अघि मादक पदार्थ सेवनगरी आफूहरुलाई गाली गलौज गरेको भन्दै छिमेकी राजलाल राम र उनका नाती निरज रामले बाँसको भाटाले छोरालाई निर्घात कुटपिट गरेका थिए ।

बेहोस अवस्थामा उपचारका लागि ल्याइएको छोराको अवस्था झन विग्रिदै गएको र चिकित्सकले उपचारका लागि बाहिर लैजान भनेपछि आर्थिक अभावले आफू थपसमस्यामा परेको उनले सुनाए ।

उनले सोमबार छोरालाई मरनासन्न हुनेगरी कुटपिट गर्ने राजलाल राम र निरज कुमार राममाथी कडा कारवाही, घाइतेको उपचार तथा क्षतिपूर्तीको माग गर्दै जिल्ला प्रहरी कार्यालय सप्तरीमा निवेदन समेत दिएका छन् ।

प्रहरीले घटनाको अनुसन्धान तथा कुटपिटमा संलग्नको खोजिकार्य भइरहेको जनाएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८१/१२/०८

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेस्ता बमोजिम रैती नं. २६ अच्छा लाल माझीको नाममा दर्ता रहेका साविक प्रगन्ना मालझमुना मौजे कठौनाको सा.कि.नं. ८२३ को ज.वि. १-५-० मध्ये ०-१३-३ मध्ये ०-११-१३ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स मोहनपुर वडा नं.७ हाल शम्भुनाथ न.पा. वडा नं. ६ बस्ने अच्छा लाल चौधरीको बुहारी मिहि लाल चौधरीको पत्नी असीरी देवी-१, ऐ.ऐ. बस्ने अच्छा लाल चौधरीको छोरा बौवा लाल चौधरी-१ समेत २ को यस कार्यालयमा द.नं. १५०२३ मिति २०८१/११/१८ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्ने मिति २०८१/१२/०८ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदाबी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ८२३ | अच्छा लाल माझी | मोहनपुर | ९ख | ४३/२०१ | ०-११-१३ | असीरी देवी बौवा लाल मंडल | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको ब्यहोरा महल खाली, कैफियत महलमा खाली रहेको। |

प्रमुख मालपोत अधिकृत
लक्ष्मी प्रसाद खरेल

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*